# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रदेशनं.१ नेपाल

## विद्युतिय सामान खरिदको लागि बोलपत्र आव्हनको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७७/०४/२५**

१। विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले विद्युतिय सामान खरिद गर्न ई- विडिङ्गको माध्यमवाट यो बोलपत्र आव्हान गर्दछ ।

२। योग्य बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न चाहेमा www.bolpatra/egp.gov.np मा login गर्न सकिनेछ ।

३। शिलवन्दी बोलपत्र सम्वन्धी कागजात यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिनसम्म कार्यालय समय भित्र रु.३०००। तिनहजारमा फिर्ता नहुने गरि यसकार्यालयको नाममा कृषी विकास बैक विराटनगर शाखाको आम्दानी खातानं. ०६०१६०११४५९७३०४० मा जम्मा गरेको भौचर upload गर्नुपर्नेछ।

४। इच्छुक फर्म, कम्पनी वा संस्थाले बोलपत्र खरिद गर्दा आ.व. २०७७।०७८ सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, नागरिकताको प्रमाणपत्र, न.पा. व्यवसाय प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०७५।०७६ सम्म कर चूक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

५। बोलपत्र फाराम पेश गर्दा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन सम्म दिनको १२ बजे भित्र www.bolpatra/egp.gov.np मा upload गर्नुपर्नेछ साथै के कामको लागि बोलपत्र फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम, ठेगाना, फोन नं. समेत खुलाई पेश गर्नुपर्नेछ ।

६। पेश भएका बोलपत्रको हकमा ३१ औं दिनको २ बजे बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७। बोलपत्र दाखिला र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८। बोलपत्र साथ यस कार्यालयको कृषी विकास बैंक मुख्य शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता.नं.०६०१६०११४५९७३०३२ मा रु.१८००००। (एकलाख अस्सी हजार) जम्मा गरेको सक्कल भौचर वा सोहि रकम बराबरको बाणिज्य बैकहरुको कम्तिमा १२० एकसय बिस दिनको मान्य अवधि रहने गरी जारी भएको बैक जमानत (बैक ग्यारेन्टी) संलग्न राख्नु पर्नेछ ।

९। बोलपत्र पेश गर्दा मूल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नू पर्नेछ ।

१०। बोलपत्र फाराममा उल्लेखित सम्पूर्ण आइटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ, आंशिक रुपमा भर्न पाईने छैन ।

११। बिद्युतिय सामानको स्याम्पल बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१२। स्वीकृत विद्युतिय सामानहरु कार्यालयको आवश्यकता अनुसार घटी वा बढी लिन सकिनेछ ।

१३। बोलपत्र पूरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४। यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

१५। खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझि र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्छ ।

१६। बोलपत्रको दररेट स्वीकृत भइसकेपछि कबुलियत (सम्झौता) अनुसार गुणस्तरयुक्त सामान सप्लाई गर्नुपर्ने छ । तोकिएको समयमा सप्लाई नगरेमा वा आलटाल गरेमा राखेको धरौटी जफत गरी कबुलियत (सम्झौता) बदर गर्न सकिने छ ।

१७। वीचमा मूल्य वृद्धि भएमा सो को दावी गर्न पाइने छैन र उल्लेख गरेको दररेट आ.व.०७७।०७८ भरिको लागि कायम हुनेछ ।

१८। रकम भुक्तानी गर्दा १.५% प्रतिशत आयकर, १.५% प्रतिशत न.पा.शुल्क, र ५% प्रतिशत धरौटी वापतको रकम प्राप्त हुने बिलको रकम वाट कट्टा गरी भुक्तानी गरिनेछ ।

१९। बोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रदाताका नाम ठेगाना एवं निश्चित कारोवार स्थल भएको नपाइएमा कार्यालयले नियमानुसार वैकल्पिक सप्लायर्सको बोलपत्र स्वीकृतिको कारवाही चलाइनेछ ।

नोटः बोलपत्रको सूचना यसै बमोजिम हुनेछ साथै कार्यालयवाट HARD COPY उपलब्ध गराइने छैन ।

**कामको विवरण**

| सि.नं. | प्याकेज नं. | खरिदको प्याकेज | खरिदको माध्यम | फाराम दस्तुत | जमानत रकम | सुचना |
|---|---|---|---|---|---|---|
| १. | ३/२०७७।०७८ | विद्युतिय सामाग्री | शिलबन्दी बोलपत्र | ३०००। | १८००००।०० | ३०दिन |